# बटेश्वर गाउँपालिकाद्धारा प्रकाशित

## स्थानीय राजपत्र

**खण्डः१** **संख्याः२** **.मिति २०८१/०८/०४**


## भाग-२

## बटेश्वर गाउँपालिका

नेपालको संबिधान,२०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बटेश्वर गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने सम्वन्धि ऐन,२०७५ को दफा (४) बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका,स्थानीय सरकार संचालन ऐन २०७४ को दफा दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### सम्वत् २०८१ सालको निर्देशिका नं.२

### बटेश्वर गाँउपालिकाको पोषण समूह गठन, पूनर्गठन, नविकरण र व्यवस्थापन निर्देशिका, २०८१

**प्रस्तावना** : पोषण सुधारको दृष्टिकोणले सुत्केरी हुनु अघि र पछि गरी हजार दिनको अवधिलाई महत्वपुर्ण समयको रुपमा लिईन्छ । यहि कुरालाई मध्यनजर गर्दै पोषण समूहहरुको समुचित प्रयोग गरी पोषण क्षेत्रको समष्टिगत विकासमा सकारात्मक प्रभावको लागि तत्काल सम्बोधन गर्न समय सापेक्ष वैधानिक मार्गदर्शन आवश्यकता महसुस भएकोले पोषण समूहलाई प्रभावकारी एवं समन्वयात्मक रुपमा संचालन गर्न पोषण क्षेत्रमा संलग्न निकायहरुको काम कार्वाहीलाई प्रक्रियागत रुपमा अझ बढी प्रभावकारी एवं समन्वयात्मक तवरले गर्न गराउन आवश्यक भएकोले (स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (**११**) उप दफा (**द**) ले दिएको अधिकार प्रयोग गरी बटेश्वर गाउँपालिकाको कार्यालयबाट यो निर्देशिका जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. नाम र प्रारम्भ** : (१) यो निर्देशिका बटेश्वर गाउँपालिकाको पोषण समूह गठन, पूनर्गठन, नविकरण तथा व्यवस्थापन निर्देशिका, २०८१ रहेको छ ।

(२) यो निर्देशिका बटेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "पोषण" भन्नाले पोषक तत्वहरु र शरीर बिचको अन्तरसम्बन्धको अध्ययन गर्ने विज्ञान जनाउदछ ।

(ख) "पोषण समूह" भन्नाले हजार दिन भित्रका अवधिमा पर्ने गर्भवती,सुत्केरी र २ वर्ष मुनिका बच्चा भएका महिला र अन्य प्रजनन उमेर समुहका महिला, किशोरी संलग्न भई मिल्दा जुल्दा समस्या आवश्यकता र चाहनाहरु भएका न्यूनतम १५ वा सो भन्दा बढी ब्याक्तिहरु मिली सामुहिक प्रयत्नद्धारा पोषण क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न बनाइएको संगठनलाई सम्झनु पर्छ ।

(ग) "कार्य समिति" भन्नाले निर्देशिका अनुसार निर्वाचित अध्यक्ष, उपाध्याक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरुलाई सम्झनु पर्दछ ।

(घ) "गाउँपालिका" भन्नाले बटेश्वर गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "लेखा" भन्नाले प्रचलित कानुन वमोजिम कारोबारको यथार्थ विवरण देखिने गरी राखिने अभिलेख, खाता, किताव आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजातलाई समेत जनाउँदछ ।

(च) "वडा" भन्नाले गाउँपालिकाको वडा सम्झनु पर्दछ ।

(छ) "समूह बिधान भन्नाले समूहको उद्देश्य प्राप्तिका लागी क्रियाकलाप संचालन गर्न बनाइएको नियमलाई सम्झनु पर्दछ ।

(ज) "स्थानीय तह" भन्नाले बटेश्वर गाउँपालिका सम्झनु पर्दछ ।

(झ) "हितकोष" भन्नाले कुनै पनि नगद, जिन्सी तथा भौतिक सरसामान नगद मौज्दात, ऋण लगानी, लगानीको रुपमा रहेको समूहको नगद पुँजिलाई जनाउँदछ ।

(ञ) "हितकोष परिचालन" भन्नाले संकलित हितकोषलाई उत्पादनमुलक कार्यमा लगानी गर्ने कार्यलाई सम्झनु पर्दछ ।

**३. उद्देश्य** : यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) प्रत्यक्ष रुपमा पोषण लक्षित वर्गमा पर्ने महिलाहरु आबद्ध समूहको समन्वय, व्यवस्थापन गर्नको लागि सहयोग पुऱ्याउने ।

(ख) पोषण समूहको गठन र सञ्चालनको लागि आवश्यक मापदण्ड र प्रक्रियाको मार्गदर्शन गर्ने ।

(ग) हितकोष व्यवस्थापन तथा परिचालन गर्न स्पष्ट निर्देशन दिने ।

(घ) पोषण समूह गठन तथा परिचालन कार्यमा संलग्न निकाय र व्यक्तिको भूमिका र जिम्वेवारी तोक्ने ।

(ङ) पोषण समूहको व्यवस्थापन, सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई बिकास गर्ने ।

**४. निर्देशिकाको प्रयोग गर्नु पर्ने अवस्था :** यस निर्देशिकाको प्रयोग देहायका अवस्थामा गर्नुपर्ने छ ।

(क) पोषण क्षेत्रमा संलग्न निकायहरुको कामकारबाहीलाई प्रक्रियागत रुपमा प्रभावकारी एवं समन्वयात्मक तवरले गरी सुशासन लागु गर्नु पर्ने अवस्थामा,

(ख) सरकारी तथा गैर-सरकारी निकायहरुबाट पोषण तथा स्वास्थ्य सम्बन्धी

कार्यक्रम गर्नको लागी समूह गठन तथा व्यवस्थापन गर्नु पर्ने अवस्थामा
,
(ग) प्रत्यक्ष रुपमा पोषण लक्षित वर्गमा पर्ने महिलाहरु आवद्ध समूहहरुको समन्वय,
व्यवस्थापन र नियमन गर्नुपर्ने अवस्थामा,
(घ) समूहको योजना तर्जुमा गर्नुपर्ने अवस्थामा,
(ङ) समूहको हितकोष संचालन तथा परिचालन गर्नु पर्ने अवस्थामा,
(च) समूहमा लेखा व्यवस्थापन गर्नुपर्ने अवस्थामा,
(छ) समूहमा मतभेद व्यवस्थापन गर्नुपर्ने अवस्थामा,
(ज) बिभिन्न सरोकारवाला पक्षहरुको भूमिका र जिम्मेवारी तोक्नुपर्ने अवस्थामा
।

## परिच्छेद-२
## पोषण समूह गठनका आधारहरु, सदस्यहरुको छनौट र समूहको वर्गीकरण

**५. गठनका आधार :** स्थानीय निकायको सामाजिक विकास शाखा अन्तरगत स्वास्थ्य शाखा/इकाईले पोषण समूह गठन गर्दा देहायका कुराहरुलाई ध्यान दिनु पर्नेछ ।
(क) पोषण लक्षित वर्गमा पर्ने महिलाहरुको आवश्यकता र स्थान विशेषको पोषण व्यवहार परिवर्तनको सम्भाब्यता,
(ख) सेवा पुर्‍याउनु पर्ने घरधुरी संख्या र महिलाको संख्या,
(ग) महिलाको आर्थिक, सामाजिक स्थिति र श्रोतसाधनको अवस्था,
(घ) पोषण समूहमा बिभिन्न वर्गका महिलाहरुको प्रतिनिधित्वको सुनिस्चितता,
(ङ) समूहमा आवद्ध गराउनु पर्ने महिलाहरुको सुनिस्चितता र छनौट ।

**६. सदस्यहरुको छनौट गर्दा ध्यान दिनुपर्ने :**
(१) पोषण समूहका लागि सदस्यहरुको छनौट गर्दा देहायका कुराहरुमा ध्यान दिनु पर्दछ ।
(क) साझा कार्य र उद्देश्य लिएका,
(ख) सामाजिक एंव आर्थिक स्तरमा एकरुपता भएका,
(ग) सकभर साक्षर एवं शैक्षिक स्तरमा समानता भएका,
(घ) समूहगत कार्यमा समय दिन सक्ने ।
(ङ) एउटै समूदाय वा स्थानमा बसोबास गर्ने ।
(च) पोषणको लक्षित वर्गको रुपमा रहेको ।
(२) एकाघरको एक जना भन्दा बढी सदस्य एउटै समूहमा सदस्यता लिन सक्नेछन् ।
(३) कुनै एक समूहमा आबद्ध भइसकेको सदस्य अर्को त्यस्तै प्रकृतिको समूहमा आवद्ध हुन सक्ने छैन ।

**७. समूहको वर्गिकरण :** समूहका सदस्यहरुको लैंगिक सहभागिता, समूहले निश्चित गरेको क्षेत्रगत आधार साथै बिभिन्न कार्यकमको आधारमा पोषण समूहलाई देहाय समूहमा बर्गिकरण गर्न सकिनेछ ।

**(१) क्षेत्रगत तथा कार्यकमको आधारमा**
(क) पोषण समूह

## परिच्छेद -३
## समूह गठन प्रक्रिया ,कार्य समितिको संरचना र पदाधिकारीहरुको जिम्मेवारी

**८. समूह गठन प्रक्रिया** : पोषण समूह गठन तथा व्यवस्थापन गर्दा देहाय वमोजिम प्रक्रिया अवलम्वन गनुपर्ने छ ।

**(१) प्रारम्भिक भेला :**

(क) इच्छुक लक्षित वर्गका महिलाहरुको भेला तथा अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने ।

(ख.) सरोकारवाला निकायहरुलाई आमन्त्रण गर्ने ।

(ग) लक्षित वर्गका महिला भेलाको छलफल एजेण्डा ,मिति ,समय ,तथा स्थान तय
गर्ने ।

(घ) लक्षित वर्गका महिला भेलामा छलफलका लागि उपस्थित महिलाहरु मध्ये एकजनालाई संयोजक तोकी नीजले छलफलको नेतृत्व गर्ने ।

(ङ) पोषण समुहको उद्देश्य र आवश्यकता वारे जानकारी गराउने ।

**(२) छलफल संचालन** :

(क) भेलाको उद्देश्य र आवश्यकता विस्तृत रुपमा प्रस्ट पार्ने ।

(ख) भेलाका एजेण्डाहरुमा क्रमशः छलफल गर्दै बुँदा टिपोट गरी निर्णय पुस्तिकामा तयार गर्ने ।

(ग) समूहको सदस्य बन्न अनुसुची- ५ को दफा ३ मा उल्लेख भएको बमोजिम ईच्छुक योग्य व्याक्तिलाई सदस्यताको लागि अनुसुची-८ बमोजिम आबेदन फारम भराई नामावली तयार गर्ने ।

(घ) उक्त भेलाले तदर्थ समिति गठन, विधाान मस्यौदा समिति गठन गरी आवश्यकताअनुसार कार्यविभाजन गर्ने ।

**(३) तदर्थ समितिको बैठक संचालनः**

(क) बैठकका विषयबस्तुहरु तय गरी तदर्थ समितिका सदस्यहरुलाई जानकारी दिने ।

(ख) सम्बन्धित निकायहरुलाई निमन्त्रणा गर्ने ।

(ग) आवश्यक कागजात तयार गर्ने ।

(घ) समूहको बिधानको खाका तयार पार्ने ।

(ङ) समूह हितकोष सम्बन्ध निर्णय गर्ने ।

(च) समूहको उद्देश्य र कार्यक्रम तर्जुमा गर्ने ।

(छ) सम्बन्धित निकायमा विधान दर्ता गराउन जिम्मेवारी दिने ।

(ज) तदर्थ समिति गठन भएको एक महिनाभित्र प्रारम्भिक साधारण सभाको आयोजना गर्ने ।

**(४) प्रारम्भिक साधारण सभाको संचालन र जिम्मेवारी :**

(क) नौ सदस्यीय कार्य समितिको गठन गर्ने ।

(ख) समूहको वार्षिक कार्य योजना तथा कार्यक्रम तयार गरी अनुमोदन गर्ने ।

(ग) बिधान मस्यौदा माथि छलफल गरी आवश्यकताअनुसार परिमार्जन गरी स्विकृत गर्ने

(घ) बैंक खाता संचालन सम्बन्धी निर्णय गर्ने ।

(ङ) आवश्यकता अनुसार अन्य निर्णय गर्ने ।

**९. कार्य समितिको गठन :**

(१) पोषण समितिको कार्यसमितिमा ९ सदस्यीय देहाय बमोजिमको एक कार्य समिति रहने छ ।

| | |
|---|---|
| (क) अध्यक्ष | १ जना |
| (ख) उपाध्यक्ष | १ जना |
| (ग) सचिव | १ जना |
| (घ) कोषाध्यक्ष | १ जना |
| (ङ) सदस्य | ५ जना |

(२) उप समितिको गठन गर्न सकिने :

(क) समूहले निश्चित व्यक्तिलाई संयोजक तोकेर ऋण उपसमिति,आर्थिक उप समिति, प्राविधिक उपसमिति लगायत आवश्यकता अनुसारका अन्य उप समितिहरु गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

(ख) कोषाध्यक्षको संयोजकत्वमा ऋण उप समिति गठन गर्नुपर्ने छ ।

**१०. पदाधिकारीको काम, कर्तब्य र अधिकार :** पोषण समूहको कार्य समितिका पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार समूहको विधान बमोजिम हुनेछ ।

## परिच्छेद-४
## समूह विधान

**११. समूह विधान :**

(१) पोषण समूहको एक विधान हुनेछ ।

(२) उप दफा (१) बमोजिमको बिधान नेपालको पोषण नीतिसंग मेल खाने, नेपालको संबिधान र प्रचलित नेपालको कानुनसंग नबाझिने हुनुपर्दछ ।

(३) पोषण समूहले अनुसूची-५ मा उल्लेख भए बमोजिमको विधान बनाउनु पर्दछ ।

(४) पोषण समूहले उक्त विधानलाई साधारण सभाबाट बहुमतले पारित गराई सम्वन्धित निकायमा दर्ता गराउनु पर्नेछ ।

## परिच्छेद-५
## पोषण समुह दर्ता , पूनर्गठन तथा नविकरण

**१२. पोषण समुह दर्ता :**

(१) पोषण समूहको दर्ता सम्बन्धित स्थानिय तहको स्वास्थ्य क्षेत्र हेर्ने इकाई / शाखाले गर्नेछ ।

(२) पोषण समूहको दर्ताको लागि अनुसूची- ५ बमोजिमको ढाँचाको समुह विधान र अनुसूची- ११ बमोजिमको ढाँचाको समूह बिवरण सहित अनुसूची- ६ बमोजिमको ढाँचामा समूह दर्ताको निवेदन इकाई /शाखामा पेश गर्नुपर्नेछ ।

(३)सम्बन्धित इकाई /शाखाले पोषण समुह दर्ताको लागि आर्थिक ऐनमा तोकिए बमोजीमको राजश्व शुल्क लिई दर्ता गर्नेछ ।

(४) उपदफा (२) बमोजिम समूह दर्ताको निवेदन अनुसूची-६ अनुसार प्राप्त भएमा अनुसूची ५ सहित आवश्यक जाँचबुझ गरी सम्बन्धित इकाई/शाखाले अनुसूची ७ बमोजिमको ढाँचामा पोषण समूह दर्ता प्रमाण-पत्र दिनेछ ।

(५) यसरी दर्ता गरिएको पोषण समूहको अवधि तीन बर्ष रहनेछ ।

(६) समूहमा सदस्य रहेको सदस्यहरुको विवरण हेरफेर भएमा समूहले पुन तयार गरी नियमित रुपले सच्याउनु पर्नेछ ।

(७) समुह दर्ता गर्ने प्रयोजनको लागि समुह भित्रको कार्यसमिति सदस्यहरुमध्ये न्युनतम पाँच जनाको नागरकिताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

**१३. पोषण समूह पुनर्गठन :**

(१) विधानमा उल्लेख भए बमोजिम पोषण समूहले आफ्नो आवश्यकताको आधारमा समूह पुनर्गठन गर्न सक्नेछ ।

(२) पोषण समूहको साधारण सभा बर्षको एकपटक भाद्र मसान्त भित्र गरिसक्नु पर्नेछ ।

(३)पोषण समूहले आफ़्नो समूहको साधारण सभा /पुनर्गठन गरी सम्बन्धित शाखालाई जानकारी दिनु पर्नेछ ।

**१४. पोषण समूह नविकरण :**

(१) पोषण समूहले आफ़्नो समूह दर्ता प्रमाण पत्रको तीन बर्ष अवधि पूरा भैसकेपछि नविकरण गर्नु पर्नेछ ।

(२) पोषण समूह नविकरणको लागि समूहले प्राप्त गरेको पोषण समूह दर्ता प्रमाण पत्र सहितको निवेदन सम्बन्धित इकाई/ शाखामा म्याद सकिएको ३५ दिन भित्र पेश गर्नु पर्नेछ ।

(३) नविकरणको लागि ऐनमा तोकिएको शुल्क लिई नविकरण गर्न सकिनेछ ।

(४) म्याद सकिएको ३६ औं दिन देखि एक बर्ष सम्म नवीकरण गर्दा थप १०% राजश्व शुल्क लाग्नेछ । म्याद सकिएको एक वर्षपछि नविकरण गर्दा प्रति बर्ष रु २५ को दरले नविकरण शुल्क थप हुँदै जानेछ ।

## परिच्छेद-६
## समूह श्रोत/ हितकोष संकलन तथा परिचालन

**१५. श्रोत/ हितकोष परिचालन :**

(१) समूहमा संकलन भएको रकम नजिकको बैकमा खाता खोली समूह अध्यक्ष वा सचिव र कोषाध्यक्षको सँयूक्त दस्तखतबाट सो खाताको संचालन गर्नु पर्नेछ ।

(२) समूहले गरेको कूल लगानीमध्ये कम्तीमा ५० प्रतिशत लगानी स्वास्थ्य तथा पोषणको क्षेत्रमा गर्नुपर्नेछ ।

(३) ऋण प्रवाह गर्दा लाग्ने ब्याज दर साधारण सभाले निर्धारण गर्नेछ ।

(४) पोषण समूहले उक्त समूहको सदस्य नरहेको व्यक्तिलाई लगानी गर्न पाउने छैन ।

(५) पोषण समूहको सदस्यबाट अनुसूची-९ बमोजिम ऋण माग भएमा अनुसूची- १० बमोजिम तमसुक बनाई समूहले ऋण उपलब्ध गराउन सक्नेछ ।

(६) पोषण समूहले अनुसूची-१२ बमोजिम मासिक हितकोष सँकलन विवरण, अनुसूची-१३ बमोजिम समूहको लगानी विवरण र अनुसूची-१४ बमोजिम समूहको ऋण असुली विवरण अध्यावधिक गर्नुपर्नेछ ।

## परिच्छेद-७

## समूहमा लेखा व्यवस्थापन

१६. **समूहमा लेखा व्यवस्थापन** : समूह संचालनको निम्ति आर्थिक तथा व्यवसायिक कारोबारमा चारवटा खाताहरु (सम्पति खाता, सामान विक्रि तथा आम्दानी खाता, सामान खरिद तथा खर्च खाता र दायित्व खाता) राखेर सरल तरिकाले लेखा व्यवस्थापन गर्नु पर्नेछ ।

(क) **सम्पति (नगद तथा जिन्सी) खाताः** सम्पति खातामा पोषण समूहहरुको स्वामित्वमा रहेको धनमाल, जायजेथा, सम्पति लगायत लगानी रकम, नगद, तथा बैक मौज्दात, लगानी, ऋण दिएको रकम, अरुबाट पाउनु पर्ने हिसाब, मेशिन, फर्निचर, घर जग्गा, सवारी साधन आदि समावेश गर्नु पर्ने छ ।

(ख) **सामान बिक्री तथा आम्दानी खाताः** यस खातामा पोषण समूहहरुको सरसामान र सेवा बिक्रिबाट प्राप्त रकम लगायत लगानी तथा ऋणबाट प्राप्त ब्याज आम्दानी, ब्याज छुट सुविधा, सरकारी तथा गैरसरकारी संघसँस्था तथा निकायबाट प्राप्त अनुदान, सदस्यता वा प्रदेश शुल्क, स्थिर सम्पति भाडामा दिए बापत प्राप्त रकम, हर्जना वापत प्राप्त रकम आदि आम्दानी समावेश गर्नु पर्नेछ ।

**(ग) सामान खरिद तथा खर्च खाता :** यस खातामा पोषण समूहहरुले खरिद गर्ने सरसामान र सो को ढुवानीमा लाग्ने ज्याला तथा खर्च लगायत कार्यालय संचालन खर्चहरु तलब, भत्ता, मर्मत, घर भाडा, धारापानी, बिजुली, ब्याज खर्च, ह्रासकट्टी रकम, बैक भत्ता, विविध आदि खर्चहरु समावेश गर्नु पर्नेछ ।

**(घ) दायित्व खाता :** पोषण समूहहरुले अरुलाई बुझाउनु पर्ने सबै प्रकारको हिसाब रकम यस खातामा चढाउनु पर्दछ । यसमा सदस्यहरुको शेयर पूँजी बचत रकम, डिपोजिट रकम, धरौटि रकम, ऋण रकम, कसैलाई भुक्तानि दिनु पर्ने हिसाब लगायतका अन्य दायित्वहरु समावेश गर्नु पर्नेछ ।

(ङ) खर्च (डेविट) , आम्दानी (क्रेडिट ) र शेष (मौज्दात) गरी तीनवटा महलहरु समावेश गर्नु गर्नुपर्नेछ ।

(च) अनुसूची १५, १६ , १७ , र १८ बमोजिम क्रमश : सम्पति (नगद तथा जिन्सी) खाता , आम्दानी खाता, खर्च खाता र दायित्व खाता बनाउनु पर्नेछ ।

(६) पोषण समूहले आवश्यकता अनुसार अन्य सहायक खाताहरु प्रयोग गर्न सक्नेछ ।

## परिच्छेद-८

## समूह संचालन /परिचालन

**१७. समूह संचालन /परिचालन :**

(१) समूहको समस्या एवं आवश्यकताको पहिचान तथा प्राथमिकता सम्बन्धित स्वास्थ्य हेर्ने शाखा /इकाईको परिधि एवं क्षमता भन्दा भित्र र बाहिर रहेका समस्याहरुको समाधान गर्न उपलब्ध श्रोत , साधन , समूह सदस्यहरुको क्षमता एवं प्रविधिहरुको आधारमा प्राथमिकता तोकि सरल एवं कम खर्चीलो तवरले समाधान खोज्नु पर्नेछ ।

(२) नियमहरुको विकासः आफ्नो पदाधिकारीहरुको चयन विधि र तिनको कार्य अवधि समावेश गरी आफ्नो उदेश्यहरु पुरा गर्न हरेक समुहले आफ्नो नियमहरु बनाउनु पर्नेछ ।

(३) आयमूलक क्रियाकलापहरु : सबै समूह सदस्यहरुले, व्यक्तिगत एवं समूहगत रुपमा समेत उनीहरुसित उपलब्ध श्रोत र साधन अनुसार आफनो इच्छानुकूल एउटा वा त्यो भन्दा बढि आयमूलक क्रियाकलापको थालनी गर्नु पर्नेछ ।

(४) पुरस्कारको व्यवस्था : प्रत्येक बर्ष सहमतिका आधारमा छानिएको सबै राम्रो काम गर्ने सदस्यलाई समावेशि सिद्धान्तको आधारमा आफ्नै श्रोत, हितकोषबाट पुरस्कार दिने व्यवस्था मिलाउन सक्नेछ ।

(५) सामाजिक सेवा तथा आयमूलक कार्यमा सहयोग आदन प्रदान गर्न सकिने विभिन्न सरोकारवाला निकाय वा व्यक्तिहरुबाट सामाजिक सेवा तथा आयमूलक कार्यका लागि सहयोग माग वा आवश्यकता महशुस भएमा एक अर्का सित नबाझिने गरी आवश्यकता अनुसार सामाजिक गतिविधि तथा आयमूलक कार्यहरुमा एक आपसमा सहयोग आदानप्रदान गर्न सकिनेछ ।

(६) समूह सदस्यहरुका लागि सिप तथा क्षमता विकास :

(क) तालिम मार्फत समूह सदस्यहरुको आत्मविश्वास वढाउनुको साथै उनीहरुमा सिप तथा क्षमता विकास र इच्छाको अभिवृद्दि गर्नेभएकोले प्रभावकारी , कुशल एवं दिगो रुपमा समूहलाई गतिशिल बनाई समूहको उदेश्य हासिल गर्न समूह सदस्य र पदाधिकारीहरुलाई सम्वन्धित निकायहरुसँग समन्वय र सहकार्य गरी समयसापेक्ष र व्यवहारिक तालिमको लागि पहल गर्नुपर्नेछ ।

(ख) सहकार्य गर्न नसकेको अवस्थामा पोषण समूहले स्वँयम आफै व्यवस्थापन गर्नुपर्नेछ ।

(७) सुपरिवेक्षण ,अनुगमन र मूल्यांकन : प्रत्येक बर्ष समूहले संञ्चालन गरेको विभिन्न क्रियाकलापहरुको अनुगमन, सुपरिवेक्षण र मूल्यांकन गर्न तीन सदस्य उप समिति बनाउन सक्नेछ ।

१८.यस निर्देशिका संसोधन वा थपघट गर्नु पर्ने भएमा कार्यपालिका ले आबश्यक निर्णय गरी संसोधन गर्न सक्ने छ ।

अनूसुचि १

(दफा १२ को उपदफा (४) सँग सम्बन्धित)

पोषण समूह दर्ता फाराम

प्रदेश :

जिल्ला :

१ दर्ता नं :

२ समुहको नाम :

३ समूहको किसिम :

४ समुहको ठेगाना : गा. पा. /न. पा. वडा नं. :

५ गठन मिति :

६ जम्मा सदस्य : महिला :

गठन हुँदा समुहको उदेश्य :

अनुसूची २

(दफा २५ को उपदफा (१) सँग सम्बन्धित)

आर्थिक बर्षको अन्तमा सदस्य संख्याको स्थिति

| आर्थिक बर्ष | सदस्य संख्यामा थप /घट र **जम्मा बचत कोष** | सदस्यद्धारा जम्मा भएको कोषको मौजुदा स्थिति | घट/बढको कारण (कोलम २ मा बढीको लागि + र घटीको लागि − चिन्ह लगाऔं) |
|---|---|---|---|
| | संख्या | | |
| | रु. | | |
| | संख्या | | |
| | रु. | | |

अनुसूची ३

(दफा २५को उपदफा (१) संग सम्बन्धित)

समूहको बचत कोषको बार्षिक स्थिति

| आर्थिक बर्ष | गत बर्षको रकम रु. | बचत कोषमा/घट बढेको कारण |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

अनुसूची ४

दफा २५ को उपदफा (१) सँग सम्बन्धित
प्रगति विवरण फाराम

गा. पा. वडा न:

पोषण समूहको नाम : उत्पादन (क)इकाई

(ख) जम्मा लागत रु :

उत्पादकत्व (उत्पादन/ क्षेत्रफल ): उत्पादनको बिक्रि मूल्य (रु .इकाई) :

उत्पादनको कुल मूल्य रु :

कार्य विवरण :

सहभागि सदस्यहरुको संख्या :

प्राप्त सहायता रु :

श्रोत १..........................................)बाट :

श्रोत २....................................)बाट :

क्षेत्रफल वा संख्या र इकाई :

खुद आम्दानी (कुल आम्दानी –लागत खर्च ) रु :

कैफियत :

अनुसूचि- ५

................................ पोषण समूह संचालन गर्न बनेको विनियम २०...

## प्रस्तावना

गर्भवती, सुत्केरी, पाँच वर्ष मुनिका बालबालिका, किशोरकिशोरी लगायतका अन्य समुहहरुमा पोषणको ठुलो महत्व रहेको छ। विशेषत यिनै समुह मध्येबाटै नेतृत्व हुने गरी उहाँहरुकै सहभागितामा स्थानीय स्तरमा नै पोषणसम्बन्धी विषयहरुमाथि समुहमा छलफल गर्न, एकआपसको अनुभव आदान प्रदान गरी उचित व्यवहारहरु अपनाउन, समग्र पोषणसम्बन्धी आईपर्ने अप्ठ्याराहरु समाधान गरी खाद्यमा आधारित पोषणको माध्यमबाट मातृ, नवजात शिशु, गर्भवती, बालबालिका, किशोरकिशोरीहरुको खाद्य र पोषण सुरक्षा सुधार गर्ने उद्देश्यले पोषण समुहको परिकल्पना गरेको हो । यी कार्य गर्नको लागि स्थानीय महिलाहरु माझ छलफल तथा समन्वय गरी महिला स्वास्थ्य स्वयम् सेविकाहरुको सहयोग र सहजिकरणमा टेवा पुऱ्याउन यस समुहले ठुलो भुमिका खेल्नेछ । उक्त तथ्यलाई दृष्टिगत गरी समुहको बैठकलाई अझै नियमित र प्रभावकारी बनाउन र खाद्यमा आधारित पोषण लाई प्रवर्दन गर्दै सुनौलो हजार दिने परिवारको पोषण अवस्थालाई सुधार गर्न नेपाल सरकारको पहलमा बिभिन्न कार्यक्रम एवं परियोजना संचालन भैरहेको छ ।

त्यसै उद्धेश्यले यस गाँउपालिकाको स्वास्थ्य शाखा, कृषि तथा पशु शाखा, अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसंग अन्तरसम्वन्ध कायम गर्दै सुनौलो हजार दिने परिवार र गाउँ गाउँसम्म पोषणसम्बन्धि जनचेतना फैलाउन र खाद्यमा आधारित पोषणलाई प्रवर्द्धन गराउनका लागी धनुषा जिल्ला बटेश्वर गाउँपालिका वडा नं. ....भित्रका महिलाहरुको सकृयतामा पोषण समूह स्थापना र संचालन गर्न यो बिधान निर्माण गरिएको छ ।

### १. प्रारम्भिक

(१) संक्षिप्त नाम र प्रारम्भ

क) यस बिधान यस समूहको नाम “श्री.......................................... पोषण समूह बिधान २०........रहनेछ ।

ख) यो बिधान बटेश्वर गाउँपालिकाको स्वास्थ्य शाखा मा दर्ता प्रमाणित भएपछि तुरुन्त लागु हुनेछ ।

### २).परिभाषा : बिषय प्रसङ्गले अर्को अर्थ नलागेमा यो बिधानमा

क) पोषण समूह भन्नाले“ यस बिधानमा उल्लेखित“ महिलाहरुको पोषण अवस्था सुधार गर्न हजार दिन भित्रको (गर्भवती, सुत्केरी र स्तनपान गराईरहेका २ वर्ष मुनीका बालबच्चा भएका परिवारका कम्तिमा १५-२५ जना ईच्छुक महिला तथा आमाहरुको समूहलाई जनाउनेछ ।

ख) सदस्य भन्नाले श्री .................... पोषण समूहको उद्देश्य अनुसार पोषण अवस्था सुधार गर्न बिधानको दफा (३ बमोजिम सदस्यता लिएको हजार दिन भित्रको महिलालाई जनाउँदछ ।

ग) कार्य समिति भन्नाले "बिधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्य पदाधिकारीहरुलाई जनाउने छ ।

घ) साधारण सभा भन्नाले यस बिधानको दफा (४ बमोजिम गठित सभालाई जनाउनेछ ।

**(३) समूहको छाप**
गोलो घेराभित्र यस समूहको नाम" श्री ..........................पोषण समूह .............२०......." पढ्न सकिनेछ ।

**(४) समूहको कार्यालय**
यस समूहको कार्यालय धनुषाजिल्ला बटेश्वर गाउँपालिका वडा नं. ....मा रहनेछ ।

**(५) समूहकोक दर्ता :**
पोषण समूह सम्वन्धीत स्थानीय तहका स्वास्थ्य शाखामा दर्ता गर्नु पर्ने छ ।

**२. उद्देश्य र कार्य**

**(१) उद्देश्य :** सदस्यहरुको सामाजिक, आर्थिक, पोषणजन्य व्यावसायिक हितलाई ध्यानमा राखी देहायका उल्लेखित समूहको उद्देश्य हुनेछ ।

**क**. पोषणको दृष्टिकोले महत्वपुर्ण मानिएको हजार दिन अवधी भित्रका महिला तथा बालबालिका एवम किशोर किशोरीहरुको पोषण अवस्था सुधार गर्न विभिन्न क्रियाकलापहरु गर्ने

ख. सदस्यहरुको आर्थिक तथा सामाजिक जीवनस्तर उठाउने ।

ग. सदस्यहरुमा स्वावलम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययिताको भावना सिर्जना गर्ने

**(२) समूहको बिधानको दफा २ उपदफा (१) बमोजिमका उद्देश्यहरु प्राप्त गर्न यो समूहले देहाय बमेजिम कार्यहरु गर्नेछ ।**

(क) आमाहरू वा अभिभावकहरूले मातृ, शिशु तथा बालबालिका र परिवारको पोषणका लागि प्राप्त गरेका अनुभव, ज्ञान तथा सीपको प्रवर्द्धन गर्ने ।

(ख) समूहलाई संगठित गरी निरन्तरता दिने ।

(ग) समितीको निरन्तरता र प्राविधिक सर सल्लाहको लागि खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना क्लष्टर इकाई, कृषि ज्ञान केन्द्र, गाउँपालिकाको कृषि शाखा, स्वास्थ्य शाखा स्वास्थ्य संस्था महिला स्वास्थ्य स्वयम् सेविका लगायत यस समूहको उदेश्य संग सम्वन्धित निकाय गै.स.स.हरु संग सम्पर्क राख्ने ।

(घ) समितीले शिपमुलक व्यबसाय संचालन गर्नको लागी र आपत, दुर्घटना परेका व्यक्तिलाई हित कोषको रकमवाट सहयोग गर्ने छ ।

(ङ) साना अनुदान मार्फत बिभिन्न कार्यक्रमको आयोजना गरेर पोषण सुरक्षा सुधारमा टेवा पुर्याउने।

(च) खाद्य तथा पोषण सुरक्षा सुधारमा जनचेतनाका बिभिन्न कार्यक्रमहरु संचालन गरि समुदाय र घर स्तरमा पोषण व्यवहार परिवर्तन गर्नको लागी सहयोग पुर्याउने।

(छ) घरबारी पोषण बगैचा स्थापना गरि घरायसी स्तरमा पोषक तत्वयुक्त विविध तरकारी, फलफुलमा पहुँच तथा नियमित उपलव्धतामा सहयोग गर्ने।

(ज) गर्भवती तथा सुत्केरी अवस्थामा खाद्य विविधिकरण र पौष्टिक खाद्य पदार्थको उपभोग बृद्दि गर्नको लागी भूमिका खेल्ने।

(झ) पोषण पाठशालाको स्थापना गरि नियमित रुपमा सत्रहरु संचालन गरेर मातृ, शिशु तथा बालबालिका र परिवारको राम्रो पोषणका लागि स्थानिय स्तरमा उपलब्ध हुने पोषिला खाद्यान्न बारे जानकारी दिनका साथै त्यस्ता खाद्यान्नहरू दैनिक तथा नियमित रुपमा आ-आफ्नो परिवारका खानामा संलग्न गराउन प्रोत्साह गर्ने

(ञ) संकलित बचत र हितकोषको प्रभावकारी परिचालन गर्ने ।

(ट) समूहका सदस्यहरुलाई आवश्यक ऋण उपलब्ध गराउने ।

(ठ) सदस्यहरुमा उत्पादनशील आयमूलक एवं सीपमूलक कार्य गर्नको लागि सदस्यहरुलाई सुलभ ब्याजदरमा ऋण प्रदान गर्ने ।

(ड) आफ्नो उद्देश्य पुरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय संघ र संस्थाहरुसँग सहयोगात्मक भावना राख्ने ।

(ढ) कृषिसँग सम्बन्धित अन्य कृषक समूह, सहकारी, बित्तिय संघ संस्थासँग कायम गरी जानकारी एवं सूचना आदानप्रदान गर्ने ।

(ण) कृषि सँग सम्बन्धित कृषकहरुद्वारा उठाईएका समस्याहरु शहिद लखन गाउँपालिकाको कृषि विकास शाखा, कृषि अनुसन्धान केन्द्र तथा अन्य निकायहरुलाई सूचना सम्पर्कद्वारा जानकारी उपलब्ध गराई समाधान निकाल्ने प्रयास गर्ने ।

(त) माथि उल्लेखित उद्देश्यहरु पुरा गर्न अन्य कार्यहरु गर्ने ।

**३. सदस्यता :**

क) एकै उद्देश्य एवं समान आर्थिक अवस्था भएको तथा यस समूह बिधानको परिधिभित्र रहने ईच्छा व्यक्त गरेको व्यक्तिलाई यस समूहको सदस्यता प्रदान गर्न सकिनेछ ।

ख) सदस्य हुन चाहने व्यक्तिले कम्तिमा समूहका सदस्यहरुको लिखित सिफारिस साथ (अनुसूचि(८) को ढाँचामा दरखास्त दिन दिनुपर्नेछ ।

**(१) सदस्यताको लागि योग्यताः**

(क) ............................ गा.पा. वडा नं. ......................... मा स्थाई रुपमा वसोवास गरेको ।

(ख) किशोरी, २ वर्ष माथीका बालबच्चा भएका आमाहरु हुनपर्ने

(ग) हजार दिन भित्रको (गर्भवती, सुत्केरी र स्तनपान गराईरहेका २ वर्ष मुनीका बालबच्चा भएका परिवारका आमाहरु) अवधि भएको हुनुपर्ने

(घ) समूहको उदेश्य अनुसारको काम गर्ने ।

(ङ ) समूहको विधानलाई विना शर्त स्वीकार गर्ने यस समूहको सदस्य वन्न सक्ने छ ।

(च) राजनितीक रुपमा निर्वाचित भएको, मानसिक स्थिति ठीक नभएको, फौजदारी कृयाकलापमा संलग्न भएको र समुहको नियम विपरित काम गर्ने कुनै पनि महिला तथा पुरुष यस समुहको सदस्यता प्राप्त गर्न वन्चीत रहने छ ।

**(२) साधारण सदस्य :**

(क) सदस्यता शुल्क रु ....तिरी साधारण सदस्यताको निबेदन दिइ कार्य समिति निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्ने छ । यस्तो सदस्यले माषिक वचत रु ....प्रत्येक महिना जम्मा गर्नेछ ।

(ख) समूह गठन भइसकेपछि कुनै पनि योग्यता पुगेको ब्यक्तिले समुहको सदस्यता लिन चाहेमा समूहमा आबद्ध प्रति सदस्य बराबर उक्त मिति सम्म संचित हितकोष र साविक ब्याज साथै नियमानुसारका अन्य शुल्क बुझाइ सदस्यता प्राप्त गर्न सक्ने छ ।

**४. साधारणसभा तथा कार्य समिति**

**(१) साधारण सभाः**

(क) यस समूहको सदस्यता प्राप्त सम्पूर्ण सदस्य साधारण सभा सदस्य हुनेछ । जुन समूहको उच्चतम निकाय हुनेछ ।
(ख) यसले बिधान पारित एव संसोधन गर्न सक्ने छ ।
(ग) साधारण सभा बर्षमा कम्तिमा एक पटक बस्नु पर्नेछ ।
(घ) आवश्यकता अनुसार जुनसुकै बेला साधारण सभा बोलाउन सक्नेछ ।

**(२) साधारण सभा र अधिवेशन :** कार्य समितिले ताकेको मिति र समयमा यस समूहको सचिवले अध्यक्षको परामर्श लिइ लिखित सुचना द्वारा सम्पूर्ण सदस्यलाइ साधारण सभाको स्थान,समय,मिति तथा एजेन्डाको जानकारी गराउनु पर्नेछ ।

**(३) साधारण सभाको काम, कर्तब्य र अधिकार :**

(क) बिधान संसोधन गर्ने ।
(ख) कार्य समितिको निर्वाचन कार्य तथा गठन गर्ने ।
ग) बार्षिक बजेटको अनुमोदन गर्ने ।
घ) आवश्यक नीति निर्देशन तय गर्न कार्यसमितिको मूल्याङ्कन गर्ने ।
ङ) समूहको बार्षिक कार्ययोजना बनाउने ।

च) समूहको बार्षिक कार्यक्रम स्वीकृत गर्ने ।
छ) कार्यसमितिको साधारण सभाका सदस्यद्धारा प्रस्तावित कुनै पनि कार्यहरुको योजनामाथि निर्णय दिने ।
ज) समूहले कार्य योजना बनाउँदा ६० प्रतिशत पोषण कार्यक्रम बनाउने ।

**(४) साधारण सभाको गणपूरक संख्या :**

(क) समूहको साधारण सभाको बैठकमा कम्तिमा पनि ५१ प्रतिशत सदस्यहरुको उपस्थितीमा हुनेछ ।
(ख) यदि सो नभएमा फेरी ३ दिन भित्र अर्को सभा बोलाउनुपर्नेछ ।
(ग) यसमा साधारण सदस्यको २५ प्रतिशत उपस्थिती भएमा पनि यो सभाको बैठक बस्नेछ।

**(५) कार्य समिति गठन बिधि :**

क) कार्य समितिमा कम्तिमा ७ देखि बढीमा ११ जनाको सम्मको सदस्य रहनेछन् ।
ख) कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिब, सहसचिव, कोषाध्यक्ष र सदस्यहरु रहनेछन् ।
ग) कार्य समितिको पदाधिकारीहरुको बैठक हरेक महिनाको ..... गते र दिन हुनेछ । तर आवश्यकता भए जुनसुकै समयमा पनि आकस्मिक बैठक बस्न सक्नेछ ।
घ) कार्य समितिको पदाधिकारीहरुको कार्य अवधि.......बर्ष हुनेछ ।
ङ) कार्य समितिको कुनै पद खाली भएमा साधारण सदस्यहरु मध्येबाट कसैलाई कार्य समितिको पदमा कार्य समितिको बहुमतबाट चुनिनेछ ।
च) कार्यसमितिको कोरम दुईतिहाईलाई मानिनेछ साथै निर्णय बहुमतबाट हुनेछ ।

**(६) कार्य समितिका काम, कर्तव्य र अधिकार** :

(क) बिधानको परिधि भित्र रही समूहको उद्देश्य अनुरुप साधारण सभाले गरेको नीति निर्देशनलाई पालना गर्ने ।
(ख) समूहको बार्षिक कार्यक्रम बनाउने तथा समूहको क्रियाकलापहरु सञ्चालन गर्ने ।
(ग) गाउँपालिकाको वडा कार्यालय, सरकारी तथा गैह्रसरकारी संस्थाहरुसँग सम्पर्क गरी बढीभन्दा बढी सहयोग प्राप्त गर्ने ।
(घ) सहकारीमा जान प्रयास गर्ने ।
(ङ) समूहको कार्य योजना बनाई लागु गर्ने ।
(च) समूहको बार्षिक प्रतिबेदन बनाउने ।

**(७) समूहको बैठक :**

(क) समूहको बैठक प्रत्येक महिनाको .......गते बस्नेछ ।
(ख) समूह बैठक अरु कार्य समितिले निर्धारण गरेको ठाँउ मिति र समयमा नियमित रुपमा बस्नेछ ।

**५. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**

**(१) अध्यक्षको काम, कर्तव्य र अधिकार**

क) साधारण सभा र कार्यसमितिको बैठकको अध्यक्षता गर्ने ।
ख) साधारण सभा तथा कार्य समिति समेतद्धारा पारित निर्णयहरुको पालना गर्ने गराउने ।
ग) समूहद्धारा संचालित सम्पूर्ण कार्यको रेखदेख गर्ने ।
घ) समूहको सम्पतिको सुरक्षा गराउने ।
ङ) निर्णयको क्रममा मत बराबरी भएको बेला आफ्नै मत दिने ।

च) समूहको उन्नति प्रगतिको लागि सक्षम तथा गतिशिल नेतृत्व प्रदान गर्ने ।
छ) सचिवलाई बैठक बोलाउन निर्देशन दिने ।
ज) समूहको आवश्यकता अनुसार छलफल गरी बैठकको अध्यक्षता गर्ने ।
झ) समूहले गरेको निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।
ञ) समूहको हितकोषको लागि बिभिन्न श्रोतहरुबाट सेवा उपलब्ध गर्न प्रयत्न गर्ने ।
ट) बिभिन्न सेवा प्रदायक संघरसंस्थाहरुसँग समन्वय गर्ने ।
ठ) समूहको गतिबिधिहरुलाई प्रभावकारी तुल्याउन योगदान गर्ने ।
ड) समूहमा आउने बिवादस्पद कुराहरुलाई समूहभित्रैबाट सुधार गर्ने ।
ढ) समूहको सर्बोपरि हितको लागि नेतृत्व गर्ने ।
ण) बैठकमा आम सहमतिबाट निर्णय गरी परिपाटी बसाल्ने ।
त) बैठकमा सदस्यहरुको भावना र बिचारलाई समेट्ने ।

**(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षको सहायक भई कार्य गर्ने ।
ख) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सबै कार्य गर्ने ।
ग) कार्य समितिले ताकेको कार्य गर्ने ।

**(३) सचिवको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षको सामान्य निर्देशनमा रही साधारणसभा तथा कार्य समितिको निर्णयलाई कार्यान्वयन गर्ने ।
ख) कार्य समितिको बैठक अध्यक्षको स्विकृती लिई बोलाउनु पर्नेछ ।
ग) बैठकमा अध्यक्षको परामर्शमा कार्यसूचि तयार गरी बैठकमा पेश गर्ने ।
घ) सामान्य कार्यालय सञ्चालन र नियन्त्रण सचिवले गर्नेछ ।
ङ) समूहको सम्पूर्ण कागजात माईन्यूट किताबको संरक्षण गर्ने(दुरुस्त राख्ने)
च) बैठकमा प्रस्तावहरु, सरसल्लाह छलफल भएको निर्णयहरु सबै कोलम बन्द गर्ने ।
छ) सम्बन्धित निकायहरुसँग पत्राचार गर्ने निर्णयको प्रतिलिपी बटेश्वर गाउँपालिकाको स्वास्थ्य शाखा लगायत सम्बन्धित निकायलाई ३ दिनभित्र पठाउने ।
ज) समूहको पत्राचार गर्ने कागजपत्रहरु तयार गरी अध्यक्षको दस्तखत गराई पठाउने ।
झ) समूहको नियमित प्रगति बिवरणहरु तयार गरी राख्ने ।
ञ) समूहको बार्षिक कार्ययोजना तयार गरी सम्बन्धित ठाउँमा पठाउने ।
ट) समूहले निर्णय गरेपछि अन्तमा निर्णय पढेर सुनाउने ।

**(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) समूहको हितकोष(बचत) को पूर्ण जिम्मेवारी हुनेछ ।
ख) चाहिएको समयमा हितकोष रकम समूहलाई उपलब्ध गराउनुपर्नेछ ।
ग) समूहको आम्दानी खर्चको सम्पूर्ण सही हरहिसाव राख्नुपर्नेछ ।
घ) साधारण सभामा समूहको बित्तिय(आर्थिक) प्रतिबेदन पेश गर्ने र आर्थिक योजना प्रस्तुत गर्ने
ङ) अध्यक्षको स्विकृतीमा रु..................सम्म खर्च गर्न सक्नेछ तर अर्को कार्यसमितिको बैठकमा सो को बील भरपाई पेश गर्ने ।
च) समूहको कोष बढाउन सक्रिय हुनुपर्ने ।
छ) समूहको आम्दानी तथा खर्चको लेखा परिक्षण गराउने जिम्मेवारी कोषाध्यक्षको हुनेछ ।

ज) समूहको नियमित मासिक हितकोष संकलन गर्ने ।
झ) समूहको कोषबृद्धि गर्ने योजनाहरु तयार गरी बैठकमा राख्ने ।
ञ) बैठकमा बेलाबखतमा समूहको आय व्यय हिसाव सदस्यहरुलाई सुनाउने ।
ट) समूहको कार्यमा भएका खर्चहरु अध्यक्षबाट प्रमाणित गराई फाईलमा राख्ने ।

**(५) कार्य समिति सदस्य काम, कर्तव्य र अधिकार :**

क) सचिवले कार्य समितिको निर्णय अनुसार कार्य बिभाजन गरी कार्यालयलाई दिए बमोजिमको कामको कार्यान्वियन रेखदेख नियन्त्रण सम्बन्धित सदस्यले गर्नेछ। तर सचिव तथा अध्यक्ष प्रति निजको कार्यकालसम्म जवाफदेही हुनुपर्नेछ ।
ख) कार्यसमितिको बैठकमा प्रस्तुत एजेण्डामा छलफल गर्ने, निर्णय दिने र मत दिने ।
ग) कार्य समितिले दिएको लगाएको अह्राएको कार्य गर्ने ।

**६. आर्थिक व्यवस्था**

**(१) आर्थिक श्रोत :**

क) यस समूहको सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क
ख) समूहको अन्य क्रियाकलापबाट भएको आम्दानी
ग) कुनै पनि राष्ट्रिय र अन्तराष्ट्रिय संघरसंस्था वा व्यक्तिबाट प्राप्त चल अचल सम्पति
घ) समूहको सदस्यले जम्मा गर्ने हितकोष(बचत) रकम
ङ) समूहबाट ऋण लगानी गर्दा प्राप्त व्याज
च) समूहले अन्य संघ र संस्थाहरुबाट पाएको अवसरबाट समूह सदस्यले पाउने निश्चित पारिश्रमिकबाट ..........प्रतिशत लेबी
छ) समूहले सदस्यले आफ्नो नामबाट गरेको हितकोष
ज) ऋण लगानी गर्दा प्राप्त .......... प्रतिशत सेवा शुल्क
झ) बिलम्ब शुल्कबाट

**(२) हितकोष** :

क) श्री ...............................पोषण समूहको एक हितकोष हुनेछ ।
ख) ...................................बैंकमा समूहको खाता रहनेछ ।

**(३) हितकोष परिचालन** :

(क) हितकेष रकम कम्तीमा ५० प्रतिशत कृषि कार्यमा संचालन गर्नु पर्नेछ ।
(ख) समूह सदस्यलाई आवश्यकता भएमा हितकोषबाट ऋण सापटी लिन सक्नेछ ।
(ग) समूहको ऋण लगानी गर्नु पूर्व ऋण उप(समिति गठन गर्नुपर्नेछ
(घ) तर सदस्यले ऋण माग गर्दा निवेदन (अनुसूचि(९) फारमको ढाँचामा दिनुपर्नेछ ।
(ङ) कृषि कार्यको लागि लिईएको ऋणमा ................ प्रतिशत ब्याज लाग्नेछ ।
(च) मासिक व्याज मासिक हितकोष रकम एवं ऋणी सदस्यले तोकेको ऋण किस्ता प्रत्येक महिना बुझाउनु पर्नेछ ।
(छ) ऋण लिंदा ऋण रकमका ........प्रतिशत सेवा शुल्क बुझाउनुपर्नेछ ।
(ज) ..........................बैंकमा समूह अध्यक्ष, सचिव र कोषाध्यक्षको संयूक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ ।

(४) हितकाष परिचालनका उपायहरुलाई २ बर्गमा बिभाजन गर्न सकिनेछ।
(क) आवश्यक खर्च : आवश्यक खर्च भन्नाले देहाय बमेजिमको कार्यालय खर्च र प्रसाशनिक खर्च भन्ने जनाउदछ।

- कार्यालय खर्च(कापी, कलम, बिल, भौचर, फाईल, रजिष्टर, खाता पत्रपत्रीका)
- फर्निचर खर्च
- ढुवानी तथा घर भाडा
- अन्य संस्थासंग सदस्यता लिदा तिर्नुपर्ने खर्च र बार्षिक नविकरण खर्च
- लेखा परिक्षण खर्च
- कर्मचारी पारिश्रमीक खर्च
- साधारण सभा खर्च
- विविध, चिया नास्ता

(ख) आन्तरिक लगानी

- उत्पादन मुलक कार्य
- आय मूलक कार्य गर्न
- घरेलु आयमूलक कार्य गर्न
- सामाजिक कार्य गर्न
- सिप विकास गर्न
- बौद्दीक कार्य गर्न
- पुँजी लगानी, कर्जा प्रवाह, शेयर खरिद आदी गर्न।

**(५) बिलम्व शुल्क :**

(क) मासिक बचत रकम तोकेको समयमा नतिरेमा पहिलो महिना प्रति दिन रु. ......बिलम्ब शुल्क लाग्नेछ।
(ख) दोश्रो महिना प्रति दिन रु. ......बिलम्ब शुल्क लाग्नेछ।
(ग) तेश्रो महिना प्रति दिन रु. .......लाग्नेछ।
(घ) चौथो महिनाबाट सदस्यता खारेज हुनेछ।
(ङ) प्रत्येक महिना बुझाउनुपर्ने ऋण किस्ता र व्याज नबुझाएमा पहिलो महिना रु. ...प्रतिदिन दोश्रो महिना महिना रु. ....प्रति दिन र तेश्रो महिना रु. .....प्रति दिन बिलम्ब शुल्क लाग्नेछ। चौथो महिना ऋण रकम र ब्याजहरु ऋणी र जमानी सदस्यहरुबाट असुल उपर गरिनेछ।
(च) एक सदस्यको जमानी बसेको सदस्यले अर्कोको पुनः जमानी बस्न पाईने छैन।
(छ) जमानी सदस्यले ऋण पाउने छैन तर ऋणी सदस्यले ऋणका.........भाग तिरी सकेपछि जमानी सदस्यले ऋण पाउन सक्नेछ।
(ज) ऋण लिएको सदस्यले अरु सदस्यको जमानी बस्न पाईने छैन।
(झ) ऋण लिनका लागि ............सम्म एक सदस्यको जमानी रु. ..........सम्म दुई सदस्य र रु. .......सम्म तीन सदस्यको जमानी चाहिनेछ।

**(६) लेखापरिक्षणः**

(क) प्रत्येक कृषक समूहले रजिष्टार्ड लेखा परिक्षण अनिवार्य रुपमा गराउनु पर्दछ।

(ख) लेखा परिक्षण बार्षिक साधारण सभाका पूर्ण बहुमतबाट अनुमदन गर्नु पर्दछ ।
(ग) मूनाफा सम्पूर्ण सदस्यलाई प्रत्येक बर्षको लेखा परीक्षण पछी निजहरुको हिसाव खातामा जम्मा गर्नु पर्दछ ।

**७. विविध :**

**(१) निर्वाचन सम्वन्धी व्यवस्था :**

(क) यस समूहको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्य समितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरुके बैठकले निर्वाचन अधिकृत नियूक्त गर्नेछ ।
(ख) सो निर्वाचन अधिकृतले निर्वाचन अधिकृतमा नियूक्त भएको मितिले एक महिना भित्र निर्वाचन गराईसक्नु पर्नेछ ।
(ग) सो निर्वाचनमा पर्ने खर्च कार्यसमितिले व्यवस्था गर्नेछ ।
(घ) यसमा कार्य समितिको पदाधिकारीहरुलाई मतदान वा सहमतिद्धारा साधारण सभाको सदस्यहरुले छान्ने छन् ।

**(२) पदाबधी :**

(क) कार्य समिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मिति देखि २ बर्षको हुनेछ ।
(ख) सो गठित कार्य समितिको पदावधि समाप्त हुन १ महिना अगावै समूहको साधारण सभा बोलाई नयाँ कार्य समितिको चुनाव गराउन अनिवार्य हुनेछ ।
(ग) कार्यरत रहेको निर्वाचन कार्य समितिको कार्य अवधि समाप्त हुनासाथ सो कार्य समितिसँग भएको मानिनेछ । निजको कार्यअवधि समाप्त भएपछि सो कार्य समितिले आफ्नो समितिको बैठक बोलाई एउटा तदर्थ(प्रबन्ध वा तयारी)समिति खडा गरी सो तदर्थ समितिद्धारा साधारण सभाको बैठक बोलाई नया कार्य समितिले गठन गर्नेछ ।
(घ) कार्य समितिको पदावधि समाप्त हुन अगावै कार्यरत कार्य समिति कुनै किसिमबाट भंग हुन गएमा भंग भएको कार्य समिति आफ्नो कार्यसमितिले आफ्नो जिम्मा रहेको कागजपत्र जिन्सी कार्यभार समेत सम्पूर्ण सदस्यको सभा बोलाई अथवा कार्यालय सचिव भए सो लाई बुझाई सो को भरपाई लिनुपर्नेछ ।
(ङ) सो नगरेमा यस समूहलाई हानीनोक्सानी भएमा सो कार्य समितिका अध्यक्ष र सचिव दुवैले संयूक्त रुपमा क्षतिपूर्ति व्यहोर्नु पर्नेछ ।

**(३) उम्मेदवारको अयोग्यताः**

(क) पोषण लक्षित समुहमा नभएको व्यक्ति ।
(ख) समूहको उद्देश्य बिपरित कार्य गरेको व्यक्ति ।
(ग) मानसिक सन्तुलन नभएको व्यक्ति ।
(घ) फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति ।

**(४) अबिश्वासको प्रस्ताव :**

साधारण सभाको सदस्यहरु मध्येबाट एक तिहाई सदस्यहरुले कार्यसमिति उपर अबिश्वासको प्रस्ताव ल्याई एक वा दुई तिहाई सदस्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्यसमिति बिघटन हुनेछ । तर अबिश्वासको प्रस्ताव आएमा सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

**(५) राजीनामा :**

(क) यस समूहको अध्यक्षले उपाध्यक्ष समक्ष र अध्यक्ष बाहेक अन्य कार्य समितिका पदाधिकारीहरु तथा सदस्यको राजीनामाको हकमा अध्यक्ष समक्ष राजीनामा दिनसक्नेछन् ।

(ख) कार्यसमितिको बैठकबाट स्वीकृत नभएसम्म तिनीहरु आफ्ना पदमा रही रहनेछन् ।

## परिच्छेद ९

### (६) बिधान संशोधन

(क) समूहको बिधान संशोधन गर्न आवश्यकता पर्ने भएमा साधारण सभाको सदस्यहरु मध्येका कम्तिमा ५१ प्रतिशत सदस्यको उपस्थितिमा बिधान मस्यौदा पेश गरिनेछ ।
(ख) उपस्थित सदस्यहरु मध्येका दुईतिहाई बहुमतबाट बिधान संशोधन मस्यौदा पारित भएमा बिधान संशोधन गरिनेछ ।
(ग) संसोधत विधान स्थानीय निकायको स्वास्थ्य शाखाबाट अनुमोदित नभएसम्म संसोधन भएको मानिने छैन ।
(७) नियम बनाउने : साधारण सभाले आन्तरिक संचालन नियमहरु बनाउन सक्नेछ ।
(८) उपसमितिहरु गठन गर्न सक्नेछ : साधारण सभाले वा कार्यसमितिले साधारण सभाको स्विकृत लिई आफ्ना कार्यक्रमहरु सञ्चालन गर्न समूहको लक्ष्य र उद्देश्य प्राप्ति गर्न उपसमितिहरु बनाउन सक्नेछ ।

### (९) विघटन :

(क) समूहको बिधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा उद्देश्य प्राप्त गर्न असफल भए वा तीन बर्षसम्म समूह नविकरण नभएमा समूह बिघटन हुनेछ ।
(ख) समूह बिघटन भएको अवस्थामा बचत रकम सम्पूर्ण सदस्यलाई फिर्ता गर्नुपर्नेछ

### (१०) समूह छाड्नु पर्ने अवस्था :

(क) कुनै पनि सदस्यले समूह छाड्न चाहेको खण्डमा निजकै नाममा संकलन भएको हितकोष रकमबाट ३ प्रतिशत कट्टा गरि बाँकि रकम भुक्तानी गरीनेछ ।
(ख) यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेका सम्पूर्ण रकम निजको सवभन्दा नजिको आफन्तलाइ समूहले दिने ब्याज सहित फिर्ता गरिनेछ ।

### (११) समूहको चल अचल सम्पति :

(क) समूह बिघटन भए पस्चात समूहको चल अचल सम्पति स्थानिय निकायको स्वास्थ्य शाखाको निर्णय बमोजिम हुनेछ।
(ख) उक्त निर्णय चित्त नबुझेको खण्डमा निर्णयको जानकारी पाएको ३५ दिन भित्र सम्वन्धित स्थानिय तहको उपाध्यक्ष समक्ष निवेदन गर्न सक्नेछ ।
(ग) खण्ड (ख) बमोजिम उपाध्यक्षले गरेको निर्णय नै अन्तिम हुनेछ ।

# अनुसूचि-६

## (दफा) १२ को उप दफा (२) संग सम्वन्धीत

बटेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,बटेश्वर,धनुषा,
मार्फत, वडा कार्यालय
वडा न......

स्वास्थ्य शाखा/ संस्थाको सहयोगमा म/हामी आफै संगठीत भई बटेश्वर गाउँपालिकामा गठन भएको हाम्रो समूह दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरी नेपाली नागरीकताको प्रतिलिपि सहित यो निवेदन गरिएको छ । .....................................

समूहको अध्यक्षको दस्तखत
मिति :

समूहको विबरण

पोषण समूहको नाम............................. स्थापना बर्ष ................
गा. पा. को नाम .............................................. वडा नं. .........टोल.............
समूहको उद्देश्य..........................................................................................
सदस्य संख्या : पुरुष..................महिला...................जम्मा................
पदाधिकारीहरुको नाम

| क्र. सं. | नाम | पद | शैक्षिक योग्यता | उमेर | पोषण अवस्था | दस्तखत | फोटो |
|---|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | | |
| २ | | उपाध्यक्ष | | | | | |
| ३ | | सचिव | | | | | |
| ४ | | कोषाध्यक्ष | | | | | |
| ५ | | सदस्य | | | | | |
| ६ | | सदस्य | | | | | |
| ७ | | सदस्य | | | | | |
| ८ | | सदस्य | | | | | |
| ९ | | सदस्य | | | | | |

नियमित बैठक बस्ने दिन ................

प्रति महिना समूहको हितकोषमा संकलन हुने रु.............

हाल सम्म हितकोषमा जम्मा रकम रु................

सिफारिस गर्नेको सही..................

## अनुसूचि-७

**( दफा १२ को उप दफा (४) संग सम्वन्धीत**

बटेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धनुषा

**पोषण समूह दर्ता प्रमाण-पत्र**

समूह पद्धतिलाई सुव्यवस्थि गर्दै हजार दिनका महिलाको पोषण अवस्था सुधार गर्ने कार्यलाई टेवा पुर्याउने उद्देश्यले यस धनुषा जिल्लाको बटेश्वर गाउँपालिका वडा नं. .... मा मिति.................. मा गठित श्री.........................................पोषण समूहलाई यस कार्यलयको अभिलेखमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

....................... ..........................

स्वास्थ्य शाखा प्रमुख अधिकृत — प्रमुख प्रशासकिय

**(पोषण समूह दर्ताको प्रमाणपत्रको पछाडी पानामा राख्ने)**

| नविकरण मिति | | कार्यालय प्रमूखको दस्तखत | कैफियत |
|---|---|---|---|
| देखि | सम्म | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूचि -८

**( दफा ८ को उप दफा (२) खण्ड ग संग सम्वन्धित**

श्रीमान् अध्यक्ष ज्यू,
.......................... समूह

महोदय,

म यस समूहको बिधानलाई स्वीकार गरी समूहको सदस्यता प्राप्त गर्न ईच्छुक भएकोले नियमानुसार सदस्यता प्रदान गर्न हुन बिनम्र अनुरोध गर्दछु ।

**बिवरण**

नाम :...............................................................
बाबुको नाम :................................................
ठेगाना :.........................................................
शैक्षिक योग्यता :..............................................
पोषण अवस्था :.........................................

समूहको सदस्यताको सिफारिस
(१) नाम :..................................................
दस्तखत :
(२) नाम :.......................................
दस्तखत :
निवेदक
नाम ..................................................
दस्तखत

**अनुसूचि -९**
**( दफा १६ को उप दफा (५) संग सम्वन्धीत**
**ऋण माग फारमको नमुना**

श्रीमान् अध्यक्ष ज्यू

........................

मिति :-

बिषय :- ऋण उपलब्ध गराईदिने बारे ।

महोदय

उपरोक्त सम्बन्धमा मलाई ............................कामको लागि आवश्यकता परेकोले रु. ........।-(अक्षेरुपी ....................................मात्र) समूह हितकोषबाट ऋण स्वरुप उपलब्ध गराईदिनु हुन अनुरोध छ साथै यसै निवेदनको साथ जमानी सदस्यहरुको सिफारिस पेश गरेको छु । रु. ........।- (अक्षेरुपी ....................................मात्र) ऋण किस्ता मासिक बचत नियमित रुपले प्रत्येक महिना बुझाउनेछु ।

| जमानी सदस्यहरु | निवेदक |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | श्री ............................ |
| ठेगाना : | |
| दस्तखत : | |
| नाम : | |
| ठेगाना : | |

---

कार्यालय प्रयोजनको लागि
नियमानुसार भए बमोजिमको ऋण रु.............. (अक्षेरुपी ....................................मात्र)
मासिक किस्ता रु. ............................... (अक्षेरुपी ....................................मात्र)
उपलब्ध भएको मिति :
उपलब्ध भएको चेक नं. ..........................

| ............. | ................ | .............. |
|---|---|---|
| कोषाध्यक्ष | सचिव | अध्यक्ष |

**अनुसूचि -१०**
**( दफा १६ को उप दफा (५) संग सम्वन्धीत**
**तमसुकको नमुना**

लिखितम ………… जिल्ला ……….. गाउँपालिका वडा नं.........बस्ने ...........................छोरा/छोरी/पत्नी बर्ष..........को श्री ........................... पोषण समूह .................बाट निर्धारण गरिएको व्याज दर अन्य शर्त(नियम) का अधिनमा रही घर खर्च/कृषि सामाग्री/मल बीउ खरिद गर्ने कार्यका लागि सापटी (ऋण) नगद रु. ..........(अक्षेरुपी रु. ....................) यस समूहको .....................................बैंक, शाखा कार्यालय ...............स्थित रहेको बचत खाता ......................चेक नं. ........................बाट बुझिलिई सावाँ व्याज २०........साल ..........महिनाको मसान्त भित्र तिर्ने बुझाउने भाखा राखि तपसिल खण्डमा लेखिएका व्यक्ति(साक्षी) को रोवहरमा यस समूहको कार्यालयबाट बुझिलिएको साँचो हो । माथि कबुलियत गरिएको भाखा भित्र साँवा व्याज बुझाउनेछु । तिर्न बुझाउन सकिन भने मेरो चल अचल श्रीसम्पतिबाट नेपालको प्रचलित ऐन कानून बमोजिम असूल उपर गरी लिएमा मेरो मञ्जुर छ र तपशील खण्ड साक्षी किनारा सदर ।

तपशील

.. जिल्ला .........................गा.पा./न.पा. वडा नं. .......बस्ने ........बर्षको ..................जिल्ला ............ गा.पा./न.पा. वडा नं. .......बस्ने ........बर्षको ईति सम्बत २०.................साल ..........महिना ...........गते .......रोज शुभम् ।

## अनुसुची -११

### ( दफा १२ को उप दफा (२) संग सम्वन्धी

### समूह सदस्यहरुको बिवरण फारम

समूह सदस्य रहेका सबै सदस्यहरुको बिवरण सम्बन्धित सदस्यहरुलाई नै लेख्नु पर्दछ। बिवरण हेरफेर भएपछि पुन : तयार गरी नियमित रुपले सच्याउनु पर्दछ ।

समूहको नाम : ठेगाना :

| क्र.सं. | सदस्यहरुको नाम | वडा नं. | टोल | उमेर | शिक्षा | परिवार संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |
| १३ | | | | | | | |
| १४ | | | | | | | |
| १५ | | | | | | | |
| १६ | | | | | | | |
| १७ | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | | | | | | | |
| १९ | | | | | | | |
| २० | | | | | | | |
| २१ | | | | | | | |
| २२ | | | | | | | |
| २३ | | | | | | | |
| २४ | | | | | | | |
| २५ | | | | | | | |
| २६ | | | | | | | |
| २७ | | | | | | | |
| २८ | | | | | | | |
| २९ | | | | | | | |
| ३० | | | | | | | |

## अनुसूचि -१२

( दफा १६ को उप दफा ६ संग सम्वन्धीत

**मासिक हितकोष संकलन नमुना फारम**

**समूहको नाम :**

**साल :**

| क्र. सं | नामथर | पद | बैशाख | जेष्ठ | आषाढ | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसीर | पौष | माघ | फाल्गुण | चैत्र | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

## अनुसूचि -१३

( दफा १६ को उप दफा ६ संग सम्वन्धीत

### समूहको लगानी बिवरण

समूहको नाम :

| क.सं. | ऋण लिनेको नाम | ठेगाना | उद्देश्य | रकम | लिएका मिति | रकम बुझाउनु पर्ने मिति | लिनेको दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूचि -१४

( दफा १६ को उप दफा ६ संग सम्वन्धीत

**समूहको ऋण असुली फारम**

समूहको नाम :

| क.सं. | नामथर | ठेगाना | सावाँ रु. | व्याज रु. | जम्मा रु. | बुझ्नेको नाम | बुझेको मिति | रकम बुझ्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूचि -१५

( दफा १७ को खण्ड (च) संग सम्वन्धीत)

**सम्पती( नगद र जिन्सी) खाता फारम**

२०..... साल ....... महिना

| मिति | बिबरण | जम्मा रु. | खर्च रु. | बाँकी रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | जम्मा | | | |

# अनुसूचि -१६

(दफा १७ को खण्ड (च) संग सम्वन्धीत)

सामान बिक्री तथा आम्दानी खाता फारम

२०..... साल ....... महिना

| मिति | बिबरण | आम्दानी रकम रु. | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | जम्मा | | |

## अनुसूचि -१७

(दफा १७ को खण्ड (च) संग सम्वन्धीत)

सामान खरिद तथा खर्च खाता फारम

२०..... साल ....... महिना

| मिति | बिबरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | जम्मा | | |

## अनुसूचि -१८

(दफा १७ को खण्ड (च) संग सम्वन्धीत)

दायित्व खाता फारम

२०..... साल ....... महिना

| मिति | बिबरण | आम्दानी | खर्च | मौज्दात | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

गाउँ कार्यपालिकाका बाट स्वीकृत मितिः२०८१।०८।०३ गते

प्रमाणीकरण मितिः२०८१।०८।०४ गते

आज्ञाले,

रेवतीप्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत